# जानकी गाउँपालिका

दुर्गौली, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

## गाउँसभाको १४ औं अधिवेशन

आ.व. २०८१/०८२

# नीति तथा कार्यक्रम

२०८१ साल असार ५

जानकी गाउँपालिकाको सम्मानित तथा गरिमामय १४ औं गाउँसभा सदनमा उपस्थित गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सभाका सम्पूर्ण सदस्यज्यूहरु, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु तथा सञ्चारकर्मी मित्रहरु, मेरो व्यक्तिगत तथा गाउँपालिका परिवारको तर्फबाट यहाँहरु सम्पूर्णलाई हार्दिक कृतज्ञता सहित यस सदनमा स्वागत गर्दछु । हाम्रो कार्यकालको सुरुवात देखि नै जानकी गाउँपालिकाले अङ्गीकार गरेको "**शिक्षा, स्वास्थ्य, कृषि र वातावरणमैत्री पूर्वाधार : पहिचान सहितको जानकी गाउँपालिका विकासको मूल आधार**" भन्ने अवधारणा एवम् दीर्घकालीन सोंचलाई निरन्तरता दिंदै गाउँपालिकाको विकास र जनताको सेवामा निरन्तर अघि बढ्ने क्रममा हामी यस ऐतिहाँसिक १४ औं गाउँसभा सम्पन्न गर्न गईरहेका छौं ।

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा जानकी गाउँपालिकाको समग्र हितको लागि विभिन्न माध्यमबाट सुझाव दिनु हुने सम्पूर्ण महानुभावहरु तथा आम गाउँपालिकाबासीहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । सम्वत् २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको दुई वर्ष पुरा भएको छ । यस अवधिमा जानकी गाउँपालिकाको विकास, सुशासन र सुव्यवस्थापन कायम गर्ने दिशामा दूरगामी र महत्वपूर्ण प्रभाव पार्ने कार्यहरुको थालनी गरिएको छ । आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रममा यसलाई निरन्तरता दिईएको छ । यस कार्यमा गाउँपालिका बासी र सरोकारवाला निकायहरुबाट भएको सहयोग, सहकार्य र समन्वयको लागि जानकी गाउँपालिका हार्दिक आभार प्रकट गर्दछ ।

**आदरणीय उपस्थित गाउँ सभाका सदस्यज्यूहरु,**

नेपालको संविधान अनुरुप नयाँ ढाँचामा प्रशासनिक व्यवस्थापन गर्नुपर्ने चुनौतीसँगै जानकी गाउँपालिकाको सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास, १५ शैय्या अस्पताल र प्रशासनिक भवनको निर्माण सँगसँगै गाउँपालिकालाई अगाडी बढाउँदै लैजानु पर्ने चुनौतीहरु हामी माझ विद्यमान छन् । गाउँवासीहरुको आकांक्षामा बढोत्तरीलाई सम्बोधन गर्न हाम्रो विद्यमान स्रोत साधनको सिमितता बाबजुद प्रयासरत छौं । यद्यपि अवसर र चुनौतीहरु हामी माझ भईरहँदा पनि आगामी दिनहरुमा गाउँवासीको आवश्यकताहरुलाई अझ प्रभावकारी र नतिजामुखी ढङ्गबाट सम्बोधन गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

अब म गाउँपालिकाको आगामी आ.व. २०८१।०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माणका आधारहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

१. नेपालको संविधान, २०७२
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३. स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)
४. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
५. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
६. सङ्घीय र प्रदेश सरकारबाट जारी भएका नीति, कानून तथा मापदण्डहरु
७. गाउँपालिकाको आवधिक योजना, क्षेत्रगत नीतिहरु तथा गुरु योजनाहरु
८. गाउँपालिकाले तयार पारेका ऐन, नीति, कार्यविधि, निर्देशिकाहरु
९. विषयगत समितिबाट आएका नीतिगत विषयहरु
१०. स्थानीय सरोकारवालाहरुसँगको सुझावहरु

**गाउँ सभा सदस्यज्यूहरु,**

आगामी आ.व. २०८१।०८२ को लागि **"समृद्ध जानकी गाउँपालिकाः सुखी जानकी गाउँवासी"** भन्ने मुल अभियानका साथ निम्नानुसारको वार्षिक विषयगत क्षेत्र अन्तर्गत नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

# क्षेत्रगत नीति तथा कार्यक्रमहरुः-

# सामाजिक विकास क्षेत्रः

## शिक्षा, युवा तथा खेलकुद नीतिः

१. जानकी गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार गर्न गाउँ शिक्षा योजना निर्माण, वार्षिक शैक्षिक कार्यतालिका निर्माण, नतिजा विश्लेषण, निरन्तर विद्यार्थी मूल्याङ्कन, उत्कृष्ट शिक्षक, विद्यार्थी प्रोत्साहन, शैक्षिक प्रदर्शनी मेला, सरोकारवालाहरुको क्षमता विकास कार्यक्रम, शैक्षिक अवलोकन भ्रमण, नियमित प्रधानाध्यापक बैठक, त्रैमासिक शैक्षिक प्रगति समिक्षा जस्ता कार्यक्रमहरुलाई प्रभावकारी बनाउँदै निरन्तरता दिईनेछ।

२. **"आधा समय गाउँपालिकालाई, आधा समय बालबालिकालाई"** भन्ने अभियान तथा नारालाई सफल बनाउन विद्यालयमा विज्ञसमुह परिचालन, नियमित अनुगमन, सुपरिवेक्षण तथा विद्यार्थीहरुसँग अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ।

३. वालबालिकाको नियमित स्वास्थ्य परीक्षण गर्न "**एक विद्यालय एक नर्स कार्यक्रम**" र बालबालिकाहरुलाई उत्पादन सँग जोड्न विद्यालयमा **"पढ्दै कमाउदै"** अभियान अन्तर्गत **"एक विद्यालय एक करेसाबारी"** कार्यक्रमको दायरा फराकिलो बनाईनेछ ।

४. बालविकास सहयोगी कार्यकर्ता, विद्यालय सहायक कर्मचारी तथा कार्यालय सहयोगीको पारिश्रमिकको व्यवस्थापन गरिनेछ। विद्यालयको अन्तरिक आम्दानीको आधारमा सामुदायिक विद्यालयमा कार्यरत निजि स्रोत शिक्षक व्यवस्थापन अनुदान उपलब्ध गराईनेछ साथै निजि स्रोत शिक्षकहरुलाई गाउँपालिका शिक्षकमा व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ।

५. आधारभूत तह कक्षा ५ र ८ मा गाउँपालिका स्तरीय परीक्षा संचालन गरिनेछ। आधारभूत तह (कक्षा १-३) को स्थानीय थारु भाषाको पाठ्यपुस्तक र आधारभूत तह (कक्षा १-५) मा स्थानीय विषयको पाठ्यपुस्तक निर्माण गरिनेछ। सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ३ सम्म अङ्ग्रेजी माध्यमबाट पठनपाठन गराउने व्यवस्था मिलाईनेछ ।

६. "**एक वडा, एक नमूना विद्यालय**" विकासका लागि आवश्यक पहल गरिनेछ । प्रारम्भिक वालविकास कक्षामा "**खेल्दै सिक्दै अभियान**" संचालन गर्न प्रारम्भिक वालविकास कक्षामा आवश्यक शैक्षिक खेल सामाग्रीको व्यवस्थापन गरिनेछ । सामाजिक सञ्जालको दुरुपयोग विकराल बन्दै गएको अवस्था प्रति सचेत हुँदै विद्यालयस्तरबाटै **सामाजिक सञ्जालको सदुपयोग बारे अभिमुखीकरण गर्न कार्यक्रम** संचालन गरिनेछ ।

७. गाउँपालिकास्तरीय परीक्षा (कक्षा ५, कक्षा ८) र कक्षा १० SEE मा उत्कृष्ट नतिजा ल्याउने सामुदायिक विद्यालयलाई "**नतिजामा आधारित सशर्त अनुदान कार्यक्रम**" मार्फत आवश्यक पूर्वाधार निर्माणका निम्ति प्रत्येक वर्ष तोकिए बमोजिमको अनुदान सहयोग उपलब्ध गराईईनेछ।

८. **"सामुदायिक विद्यालय, हाम्रो विद्यालय, राम्रो विद्यालय"** भन्ने अभियानलाई सफल बनाई विद्यालयप्रति वालवालिकाको आकर्षण बढाउन अति विपन्न, दलित, अपाङ्गता, विपन्न थारु, मुस्लिम, आदिवासी जनजाति, विपन्न खस आर्य बालबालिकालाई **"अध्यक्ष छात्रवृत्ति कार्यक्रम"** मार्फत विशेष छात्रवृत्ति उपलब्ध गरईनेछ। "**विद्यालयसँग अध्यक्ष**", "**विद्यालय सौन्दर्यकरण**" र "**हरित विद्यालय**" जस्ता कार्यक्रम संचालन गरिनेछ ।

९. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार तथा स्तरउन्नती गरिनेछ। गाउँपालिका भित्रका विद्यालयलाई स्मार्ट विद्यालय बनाउन ICT प्रविधिको प्रयोगमा जोड दिईनेछ। गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक धारको शिक्षा संचालन गर्न आवश्यक पहल गरिनेछ।

१०. सामुदायिक विद्यालयको चलअचल सम्पत्तीको अभिलेख व्यवस्थापन गरी अवस्थाका आधारमा विद्यालय संचालन तथा व्यवस्थापन अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईनेछ। संस्थागत र सामुदायिक विद्यालयविचको दूरी कम गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

११. जनप्रतिनिधि, सरकारी कर्मचारी, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीका छोराछोरीलाई सामुदायिक विद्यालयमा नै पठनपाठन गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ ।

१२. यस गाउँपालिका भित्रका युवाहरुलाई गाउँपालिकाका कार्यक्रममा सहभागी गराई युवा मैत्री स्थानीय तह प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ। वडा स्तरीय युवा संजाल तथा गाउँपालिका स्तरीय युवा परिषद गठन गरी युवाहरुको लागि सीपमुलक तथा रोजगारमूलक कार्यक्रम संचालन गरिनेछ।

१३. "**एक वडा, एक खेल मैदान**" को अवधारणा सफल बनाउन प्रत्येक वडामा खेल मैदानको खोजी गरी आवश्यक मर्मत संभार, संरक्षण र सम्वर्द्धन गर्न पहल गरिनेछ । बालबालिकाहरुको अन्तर्निहित प्रतिभा पहिचान गर्न विद्यालय स्तरीय, वडा स्तरीय तथा गाउँपालिका स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप प्रतियोगिता संचालन गरिनेछ। गाउँपालिका भित्रको खेलमैदानको विकास गर्दै सामुदायिक विद्यालयका खेल शिक्षकको लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ

## स्वास्थ्य सम्बन्धी नीतिः

१४. गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूको सेवालाई थप सुधार गर्दै तोकिए बमोजिमको आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क रुपमा उपलब्ध गर्ने सुनिश्चितता गरिनेछ। सबै स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री बनाउदै लगिने छ। स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधि र औजारहरुको अभाव हुन नदिनको लागि प्रयाप्त बजेट विनियोजन गर्नुका साथै औषधिको उचित भण्डारणका लागि आधुनिक र व्यवस्थित भण्डार कक्ष निर्माणका लागि पहल गरिने छ।

१५. गाउँपालिकामा १५ शैयाको अस्पताल स्थापना गर्ने राष्ट्रिय नीति अनुसार अस्पताल स्थापनार्थ आवश्यक पहल गरिनेछ । आवश्यकता अनुसार मेडिकल अधिकृतको व्यबस्था गरिनेछ।

१६. क्षयरोग, कुष्ठरोग, मलेरिया, डेंगु आदि सरुवा रोगहरुको निशुल्क स्क्रिनिंग शिबिरहरु संचालन गरिनेछ ।

१७. **सुनौलो १००० दिन** भित्रका आमा तथा बच्चाहरुको पोषण अवस्थालाई सुधार गरी बालबालिकाहरुलाई कुपोषणबाट बचाउनको लागि पोषण सम्बन्धी विविध सचेतनामूलक कार्यक्रमहरुको आयोजना गरिनेछ। यसका साथै विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई थप सुधार गर्दै लगिनेछ। सुत्केरी महिलाहरुको पोषणका लागि "**उपाध्यक्ष पोषण कार्यक्रम**" मार्फत पोषण सामग्री प्रदान गरिनेछ। यसका अतिरिक्त एच.आई.भी. पिडितहरु र तिनका बालबालिकाको लागि पोषण खर्चको व्यवस्था गरिनेछ। सबै स्वास्थ्य संस्थाहरुमा "**पोषण कर्नर**" को स्थापना गरिनेछ।

१८. सबै जनतालाई "**स्वास्थ्य बिमा कार्यक्रम**" मा आबद्ध गर्नको लागि सचेतनामूलक कार्यक्रमहरुको आयोजना गरिनेछ। यसका लागि गाउँपालिका अन्तर्गत कार्यरत रहेका बिमा दर्ता सहयोगीहरुसँग आवश्यक समन्वय र सहकार्य गर्दै मासिक रुपमा नियमित समिक्षा कार्यक्रम गरिनेछ। साथै विपन्न नागरिकहरुलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गर्न विशेष योजना बनाईनेछ ।

१९. सिकलसेल, नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको हितलाई ध्यानमा राख्दै सहज उपचार सेवा पाउने व्यवस्था मिलाइनेछ। साझेदार संघ, संस्थाहरुको सहयोगमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति तयार गरि कार्यान्वयन गरिनेछ। मानसिक स्वास्थ्य कार्यक्रमका लागि बजेट विनियोजन गरिनेछ।

२०. बालबालिकाहरुलाई राष्ट्रिय खोप तालिकामा समावेश भएका सबै खोपहरु सुनिश्चित गरी पूर्ण खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ। महामारी तथा विपद्को अवस्थामा आवश्यक कार्य गर्न पालिका तथा स्वास्थ्य संस्था स्तरीय द्रुत प्रतिकार्य टोलीलाई तयारी अवस्थामा राखुको साथै, आवश्यक औषधी तथा सामाग्रीहरुको व्यवस्था गरिनेछ।

२१. बर्थिंग सेन्टरहरुलाई थप सुदृढ बनाउन आवश्यक व्यवस्था गरिनेछ। संस्थागत प्रसुतिलाई प्रोत्साहन गरी घरमा हुने प्रसुतीलाई शुन्य बनाउन पालिका अन्तर्गतका बर्थिंग सेन्टरबाट प्रसुती हुने महिलालाई टीकापुर र लम्की स्थित रेफरल सेन्टरसम्म आकस्मिक प्रेषण गर्नु परेमा **निःशुल्क एम्बुलेन्स सेवा** उपलब्ध गराउने व्यवस्था गरिनेछ।

२२. सुरक्षित मातृत्व, परिवार नियोजन, पोषण लगायतका सेवाहरुलाई उच्च प्राथमिकतामा राखिनेछ । सबै स्वास्थ्य संस्थाहरुबाट ५ प्रकारका परिवार नियोजनका साधनहरुको उपलब्धतालाई सुनिश्चित गरिनेछ। आमा तथा शिशु मृत्युदर घटाउन गर्भावस्थामा प्रयोग हुने क्याल्सियम र फोलिक एसिड चक्कीहरु निःशुल्क वितरणको व्यवस्था मिलाइनेछ। पूर्ण गर्भवती जाँच, पूर्ण संस्थागत प्रसूति जस्ता कार्यक्रमहरुलाई प्राथमिकताका साथ अघि बढाइनेछ।

२३. समुदाय स्तरको स्वास्थ्य सुधारका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको भूमिकालाई उच्च मूल्यांकन गर्दै खोप, गाउँघर क्लिनिक, स्वास्थ्य आमा समूह परिचालन लागायतका कार्यमा उनीहरुको सक्रियता बढाउन खाजा व्यवस्था, संचार सुविधा लगायत उत्प्रेरणाको व्यवस्था गरिनेछ। यसका साथै ६० वर्ष उमेर पूरा भएका वा स्वास्थ्य समस्याका कारण कार्य गर्न असहज हुने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई पालिकाको तर्फबाट सम्मानजनक बिदाई गर्ने व्यवस्था मिलाउनको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।

२४. स्वास्थ्य रक्षाका लागि सचेतना अभिवृद्धि गरी जनतालाई सशक्तिकरण गर्न समसामयिक विषयमा स्वास्थ्य शिक्षा प्रदान र संचार माध्यमहरुबाट स्वास्थ्य संदेशहरु प्रसारण गराइने छ। जनप्रतिनिधि र कर्मचारीहरुलाई कामको दौरानमा उत्पन्न हुने तनाव व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ । गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नको लागि स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप र दक्षता वृद्धि गर्न सम्बन्धित निकायको समन्वयमा तालिमको व्यवस्था मिलाईनेछ।

२५. **"रक्त दान जीवन दान"** भन्ने नाराको मर्म अनुसार मानवीय सेवामा सहयोग गर्नका लागि नेपाल रेडक्रस सोसाईटीसँगको सहयोग र सहकार्यमा रक्तदान कार्यक्रमको आयोजनालाई निरन्तरता प्रदान गरिनेछ।

२६. शरीरलाई स्वस्थ र सक्रिय बनाई रोगहरु लाग्नबाट बच्न योग शिक्षा, योग शिविरलाई बढावा दिनुका साथै स्वस्थकर जीवन शैली अपनाउने, स्वास्थ्य खाने कुराहरुको सेवन गर्ने, औषधिहरुको अनावश्यक सेवन नगर्ने जस्ता विषयमा जोड दिन आवश्यक कार्यक्रमहरु संचालन गरिने छ।

## सामाजिक विकास सम्बन्धी नीति

२७. नेपाल सरकारले वि.सं. २०८७ सम्म सवै स्थानीय तहलाई बालमैत्री स्थानीय तह बनाउने भनी लिएको लक्ष्यलाई सफल बनाउन बालअधिकार सुनिश्चित हुने गरी यस गाउँपालिकाको नीति, योजना, कार्यक्रम, कार्यप्रकृया र संरचनामा बालबालिकाका सवालहरुलाई मुलप्रवाहीकरण गर्दै गाउँपालिकालाई बालमैत्री स्थानीय तह घोषणाका लागि सरोकारवालाहरुसँग बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

२८. यस गाउँपालिकाको मानव संसाधनको उचित व्यवस्थापनको लागि विविध विषयहरुमा तालिम, गोष्ठी तथा संस्थागत क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

२९. संघ सरकारको सहयोगमा सञ्चालित उद्यम विकास कार्यक्रम र सुरक्षित आप्रवासन कार्यक्रमहरुलाई लागत साझेदारीमा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

३०. बैदेशिक रोजगारमा रहि मनोसामाजिक समस्याका दृष्टिकोणले बढी प्रभावित घरपरिवारहरु लगायत अन्यलाई समेत विशेष प्राथमिकताका साथ पालिकाका गाउँ, टोल, विद्यालयहरुमा सुरक्षित बैदेशिक **रोजगारबारे सचेतनामूलक कार्यक्रमहरु** सञ्चालन गरिनेछ ।

३१. "**सीप सिकौं, रोजगार बनौं**" अभियान कार्यक्रम सञ्चालनमा ल्याईनेछ। स्थानीय सीप/कला/संस्कृतिहरुको संरक्षण र सम्वर्द्धनका लागि  आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछन्।

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी नीतिः

३२. महिला, बालबालिका, युवा, आदिवासी जनजाती, थारु जेष्ठ नागरिक, दलित, विपन्न, खस आर्य, मुस्लिम, अल्पसंख्यक वर्गलाई लैङ्गिक समानता तथा समतामूलक समावेशीकरण, सशक्तिकरण, आय आर्जन, गरिबी न्यूनिकरण, रोजगारी प्रवर्द्धन, जनचेतना अभिवृद्धि, प्रविधि खरिद तथा हस्तान्तरण जस्ता कार्यक्रमहरुलाई विशेष प्राथमिकताका साथ अगाडि वढाईनेछ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट परिक्षण (GESI AUDIT) कार्यक्रम एवं ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३३. बालबिवाह गैर कानुनी कार्य भएकोले सो को न्यूनिकरण/अन्त्यका लागि पालिका र वडावाट सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछन् । बालविवाह गर्ने/गराउने घरपरिवार र व्यक्तिलाई गाउँपालिका र वडा कार्यालयहरुबाट उपलब्ध गराईने सार्वजनिक सेवा सुविधाहरु प्रवाहमा क्रमशः कटौती गरिनेछ । बाल विवाह अन्त्य र "**बिहेवारी, बीस वर्ष पारी**" नारालाई सफल बनाउन बिबाह गर्नु पूर्व सम्बन्धित वडा कार्यालयबाट सिफारिस लिने व्यवस्था मिलाईनेछ ।

३४. अपांगता व्यवस्थापन एवम् मूलप्रवाहीकरण गराउने (अपाङ्गता भएका बालबालिकाहरुलाई निर्माणात्मक शल्यक्रिया गर्ने र पुर्नस्थापना सेवा जस्तैः फिजीयोथेरापी सहायक सामाग्री, कृतिम साधन आदी) कार्यक्रमहरु ल्याइनेछ ।"ग"

र "घ" वर्गका अपांगता भएका व्यक्तिहरुका लागि सीप विकास तालिम संचालन गरि आत्मनिर्भर र स्वरोजगार बनाउने कार्यक्रम ल्याईनेछ । "**अभिभावक बिहिन बालबालिका प्रोत्साहन कार्यक्रम**"लाई निरन्तरता दिईनेछ ।

३५. ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्नको लागि "**ज्येष्ठ नागरिक सम्मान कार्यक्रम**" संचालन गरिनेछ। निर्माण सम्पन्न भएका ज्येष्ठ नागरिक मिलन केन्द्र संचालनका लागि पहल गरिनेछ ।

## भूमि सम्बन्धी नीतिः

३६. जोखिमयुक्त रुपमा बसिरहेका परिवारलाई आवश्यक सहयोग प्रदान गरिनुका साथै कानुनले निषेध गरेका स्थानहरुमा बस्दै आइरहेका घर टहरा आवश्यक व्यवस्थापन गरिनेछ । जग्गा विहिन वास्तविक भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरुलाई स्थानान्तरण वा व्यवस्थापन गर्न आवश्यक पहल तथा जग्गा नापजाँचको कार्य प्राथमिकताका साथ अगाडी वढाईनेछ । विगतका आयोग, समिति र कार्यदलहरुले नापजाँच वा वितरण गरेका जग्गाको अधुरा कार्य सम्बन्धी समस्या समाधानका लागी पहल गरिनेछ ।

३७. जग्गा प्राप्त नगरेका मुक्त कमैयाहरुको समस्या समाधानका लागी आवश्यक पहल गरिनेछ । कृषि जग्गाको संरक्षण र कृषि जग्गा खण्डिकरण रोक्नको लागि जग्गा प्लटिङ गर्ने कार्य गाउँपालिकाको अनुमति लिई मात्र गर्ने व्यवस्था मिलाईनुका साथै जग्गा प्लटिङ्ग गर्ने व्यक्ति/कम्पनिले नै आवश्यक पूर्वाधार (सडक, बिजुली, खानेपानी) को व्यवस्था गर्नु पर्ने नीति अवलम्वन गरिनेछ।

## खानेपानी तथा सरसफाई सम्बन्धी नीति

३८. विश्व बैंकको सहयोगमा सन्चालित खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना कार्यान्वयनका लागी आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

३९. खानेपानी तथा सरसफाईका विभिन्न कार्यक्रम सन्चालन गर्न आवश्यक ऐन, नियम, नीति, कार्यविधि तयार पारिनेछ। फोहोरमैला व्यवस्थापनका लागी आवश्यक कार्य अघी बढाइनेछ ।

# आर्थिक विकास क्षेत्र :

## कृषि विकास सम्बन्धी नीति

४०. कृषि पेशालाई मर्यादित, व्यावसायीक र उत्पादन लागत घटाउनका लागि आधुनिक कृषि औजारहरु प्रयोग गर्न गाउँपालिकाका किसानहरुलाई उत्प्रेरित गरिनेछ ।

४१. उत्पादनमा आधारित अनुदान सहयोग कार्यक्रमलाई निरन्तरता दिई थप प्रभावकारी बनाईनेछ । कृषि उत्पादकत्व बृद्धि गराउन उन्नत तथा वर्णशंकर जातका बीउको प्रयोगमा वढवा दिई माटो सुधार तथा व्यवस्थापनका लागि

प्रांगारिक तथा जैविक मलको प्रयोगमा अनुदान सहयोगको व्यवस्था मिलाईने छ । कृषि वालीमा देखा पर्ने रोगकिरा ब्यवस्थापन तथा रोगकिरावाट हुने क्षति न्यूनिकरणका लागि कृषकको खेतवारीमा नै "**आकष्मिक बाली सेवा**" पुर्याईने ब्यस्था मिलाईने छ ।

४२. कृषि क्षेत्रमा आधारित रहेर **एकल तथा द्धन्द पिडित महिला स्वरोजगार कार्यक्रम** ल्याईनेछ । अधिया/बटैया गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न योजना बनाईनेछ ।

४३. कृषकहरुलाई वर्षमा ३ पटक कृषि बाली उत्पादनका लागि प्रोत्साहन गरिनेछ । कृषि सम्बन्धी समस्या समाधानका लागि कृषि प्रयोगशाला निर्माण गर्न पहल गरिनेछ । खेती (बाली) बचाउ कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

४४. कृषक तथ्यांकलाई अध्यावधिक गरि न्यायोचित, समान रुपमा अनुदान प्रवाह गर्नका लागि किसान सूचिकरण कार्यक्रम सवै वडामा संचालन गरी कृषकहरुलाई परिचय पत्र उपलब्ध गराई कृषक परिचय पत्र प्राप्त गरेका कृषकहरुको वर्गिकरणका आधारमा अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ।

४५. सरोकारवाला निकाय (सरकारी/ गैर सरकारी संस्था/शैक्षिक कृषि संकाय) को प्राविधिक समन्वयमा प्रविधि र जातहरुको परिक्षण तथा अनुसन्धानका लागि कृषकस्तरमा वाली विविधिकरण प्रदर्शन कार्यक्रम लागु गरिनेछ साथै ब्यावसायिक तथा सक्रिय कृषि फर्महरुको सुधार तथा ब्यावसयिक नयाँ फर्महरु स्थापना, कृषि पेशालाई मर्यादित एवम् जनचेतानामुखी बनाउन विद्यालयमा "**कृषि करेसाबारी कार्यक्रम**" लागू गरिनेछ ।

४६. असुरक्षित तथा बढी मात्रामा विषादीको दूरुपयोग न्यूनिकरणका लागि जनचेतना मूलक कार्यक्रम संचालन गरी, आई.पी.एम. कृषक पाठशाला, जैविक तथा प्रांगारिक मलको प्रयोगलाई बढवा दिईने कार्यकम लागु गरिने छ ।

४७. मेघा उत्पादन कार्यक्रम (मकै, धान, तेलहन र दलहन वाली) का लागि स्थानीय, प्रदेश र संघीय सरकार बीच समन्वयात्मक कार्यक्रम लागु गरिनेछ ।

४८. बाली बीमा कार्यक्रम संचालन गरिनेछ र अनुदानमा विउ वितरण कार्यलाई प्रभावकारी बनाईनेछ । कृषि उपज बजारीकरणको व्यवस्थापन गरिनेछ।

४९. यूवाहरुलाई कृषिमा आकर्षित गर्न कृषि ऋणका लागि बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरिनेछ।

## पशु सेवा सम्बन्धी नीति

५०. स्थान विशेषको सम्भाव्यताको आधारमा पशुपन्छी बिशेषको पकेटहरुलाई केन्द्र बिन्दु मानी व्यवसायीक पशु पालन प्रणालीको बिकास गरिनेछ साथै पशुपालन व्यवसाय प्रवर्द्धनका लागि मागका आधारमा कृषक स्तरमा पशुपन्छी पालन तालिमको आयोजना गरिनेछ ।

५१. पशुपन्छीहरुमा रोग लाग्नु भन्दा रोग लाग्न नदिनका लागि नियमित खोप कार्यक्रमलाई निरन्तरताका साथै नेपालबाट सन् २०३० मा प्राणघातक रेबिज रोग उन्मूलन गर्ने नेपाल सरकारको नीति अनुसार रेविज दिवस र खोप कार्यक्रमलाई अभियानका रुपमा बर्षभरी निरन्तर संचालन गरिनेछ ।

५२. पशुपन्छी उपचार तथा प्राबिधिक सेवाको पहुचबाट बन्चित गाउँ बस्तीहरु तथा गाउँपालिकाको विभिन्न स्थानहरुमा निःशुल्क पशु स्वास्थ्य शिबिर कार्यक्रम संचालन गरिनेछ ।

५३. मासु तथा दुधमा आत्मनिर्भर बन्न पशुपन्छी फार्महरुलाई विशेष अनुदान कार्यक्रम संचालन गरिनेछ ।

५४. छाडा पशु चौपाया र छाडा कुकुर नियन्त्रणका लागि आवश्यक पहल गरिनेछ।

## श्रम, रोजगार, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र सम्बन्धी नीति

५५. सहकारी संस्थाहरूको सर्वाङ्गीण विकासका लागी अनुगमन, परिचालन तथा नियमन गरी दण्ड र पुरस्कृत गर्ने नीति लिईनेछ । सहकारी संस्थाहरुलाई प्रोत्साहन तथा साझेदारी सहयोग गर्ने नीति लिईनेछ ।

५६. "**हाम्रो जानकी उज्यालो जानकी**" परिकल्पनालाई सार्थक तुल्याउन नेपाल विद्युत प्राधिकरण र ग्रामिण विद्युत सहकारी संस्थासँगको सहकार्यमा एक पोल एक सडक बत्ति जडान कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ ।

५७. सहकारी संघ संस्थाहरूको आन्तरीक नियन्त्रण पद्दति लेखापरीक्षणलाई थप व्यवस्थित गरी स्व-नियमनको अभ्यासलाई प्रभावकारी बनाइनेछ । सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागी दिर्घकालीन रणनीतिक योजानाको तर्जुमा गरी कार्यान्वयन गरीनेछ ।

५८. सहकारी संस्थाहरूको गुणात्मक एकीकरणका लागी पहल गरीनेछ । सहकारी ई-कमर्स र ई-मार्केटिंग क्षमता विकास गरिनेछ । "**एक वडा एक सुपथ मुल्य सहकारी पसल**" संचालन गर्न आवश्यक पहल गरिनेछ ।

५९. महिला सहकारी उद्यमशिलता विकास कार्यक्रमहरु संचालन गरिनेछन । सहकारीहरुलाई व्यवसायिक रुपमा स्वच्छ, पारदर्शी, सवल र सक्षम बनाउन लागत सहभागिता हुने गरी मागमा आधारित तालिम संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ । स्थानीय तहमा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरी सार्वजनिक पुर्वाधारको विकास निर्माण संगै सामाजिक संरक्षणको प्रत्याभुति गराईने छ ।

६०. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रोजगार मूलक आयोजनाहरुको छनौट गरी रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारी दिईनेछ । रोजगार सेवा केन्द्रबाट एकीकृत श्रम तथा रोजगार सेवालाई निरन्तरता दिईनेछ। युवाहरुलाई स्वरोजगारमूलक तालिमको व्यवस्था मिलाईनेछ ।

६१. आवासविहीनहरुको लगत सङ्कलन तथा प्राथमिकीकरण गरी आवासको अधिकार सुनिश्चित गरिनेछ, श्रमदानलाई प्रोत्साहन गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रममा वडा कार्यालयबाट साझेदारी गरिनेछ ।

## वन, वातावरण तथा विपद व्यवस्थापन नीति

६२. स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक रकमको व्यवस्था गरी विपद् पुर्व अवधि र पश्चातका कार्यक्रमहरु सन्चालनमा निरन्तरता दिईनेछ।

६३. जल तथा मौसम विज्ञान विभाग लगायतका निकायसङ्ग समन्वय, सहकार्य गर्दै पूर्वसूचना प्रणाली, मौसम पूर्वानुमानमा आधारित पुर्वकार्य लगायतका गतिबिधिहरुलाइ थप महत्वका साथ अगाडी बढाई यस बारे वडाका बुद्धिजिवि, समाजसेवी, वडघर, चौकिदार र आम जनतालाई पुर्व तयारी सचेतनामुलक व्यवहारीका कार्यक्रम तथा सुचना संचार प्रचारप्रसार गरि क्षमता अभिबृद्धि गरिनेछ ।

६४. तोकिएको कानुन बमोजिम सामुदायिक वनको नियमन तथा व्यवस्थापनमा कडाई गरिनुका साथै सामुदायिक वनहरुसँगको साझेदारीमा आवश्यक कार्यक्रमहरु सन्चालन गरिनेछ ।

६५. गाउँपालिकाको स्थानीय पाठ्यक्रममा कक्षा १-८ सम्म विपद् व्यवस्थापन तथा जलवायू परिवर्तनका विषयबस्तु समावेश गरिनेछ । साथै समुदाय तथा विद्यालय स्तरमा सन्चालन हुदै आएका वातावरण संरक्षण, विपद जोखिम न्यूनिकरण तथा जलवायू परिवर्तन अनुकुलन सम्बन्धि सचेतना मुलक कार्यक्रमहरु लाई निरन्तरता दिइनेछ।

६६. सरोकारवालाहरु सँगको समन्वय तथा सहकार्यमा दमकल खरिद तथा संचालन गर्न पहल गरिनेछ ।

६७. गाउँपालिका भित्र रहेका उच्च भवन, उच्च धारा र शौचालयहरुको मर्मत सम्भार गरी समुदायलाई जिम्मेवार बनाईनेछ । विपद् व्यवस्थापनको लागि सेल्टर हाउस र सम्भावित डुवान क्षेत्रमा उच्च भवन निर्माणका लागि पहल गरिनेछ ।

६८. स्थानिय आपतकालिन कार्य सन्चालन केन्द्रलाई २४ औ घण्टा सन्चालनका लागि आवश्यक पहल गरिनेछ।समदाय स्तरीय विपद् व्यवस्थापन समिति तथा विभिन्न सरोकारवालाहरुको समन्वय तथा सहकार्यमा विपद् सँग सम्बन्धित घटनाहरुको कृत्रिम घटना अभ्यास संचालन गरिनेछ ।

६९. पथरैया नदीको पूर्व सूचना प्रणाली लाई व्यवस्थित बनाउन पहल गरिनुका साथै जलवायु तथा विपद् जोखिमलाई तेस्रो पक्षमा हस्तान्तरण गर्न बाढी तथा पशु चौपायाको बिमा कार्यक्रम संचालन गरिनेछ । डुबानको घटनालाई न्यूनिकरण गर्न रानी-जमरा-कुलरिया नालाहरु र इन्टेकमा जालीतारको व्यवस्था गर्न पहल गरिनेछ ।

७०. बाढी व्यवस्थापनका लागि प्रकृतिमा आधारित सामधानका उपायहरु (जैविक तटबन्धन,बृक्षारोपण, ताल तलैयाहरुको संरक्षण) नीति अवलम्बन गरिनेछ । कालोपत्रे भएका सडकहरुको दायाँबायाँ बृक्षारोपण गरि "**हरियाली प्रबर्द्धन कार्यक्रम**"लाई निरन्तरता दिइनेछ ।वडा तथा गाउँपालिकालाई हरित बनाउन "**एक घर एक फलफूलको विरुवा कार्यक्रम**" संचालन गरिनेछ ।

७१. प्राकृतिक श्रोत (ढुङ्गा, बालुवा, गिट्टी, दहत्तर बहत्तर) को उपयोगको नियमन गरिनेछ ।

७२. स्थानीय विपद जोखिम न्युनीकरण रणनितिक कार्ययोजना तथा जोखिम भु-उपयोग योजना तयार गरी जोखिमलाई न्यूनिकरण गर्दै लगिनेछ।पालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजनालाई क्रमागतरुपमा कार्यान्वयनमा ल्याईनेछ र यस्ता योजना तयारी तथा कार्यान्वयन गर्न विकास साझेदार सस्थाहरुसंग सहकार्य गरिनेछ।

## पूर्वाधार विकास सम्बन्धी नीति

७३. प्राथमिकताको आधारमा आयोजना निर्माण कार्य अगाडी बढाईनेछ । आ.व. २०८०।०८१ मा विनियोजित भई सम्पन्न हुन नसकेका पालिकास्तरिय सडक कालोपत्रे आयोजनालाई यसै आ व मा सम्पन्न गरिनेछ ।

७४. गाउँपालिकाको प्रशासकीय भवन निर्माणको प्रकिया थालनी गरिनेछ । वडा नं ५, ६ र ७ को वडा कार्यालय भवन निर्माण र वडा नं ७ मा आधारभुत स्वास्थ्य ईकाई भवन निर्माणको लागि आवश्यक पहल गरिनेछ साथै वडा नं ३ लायकपुरमा जानकी पार्क निर्माणको प्रकिया थालनी गरिनेछ ।

७५. पालिका भित्र रहेका सार्वजनिक जग्गाको पहिचान गरि खुला क्षेत्रको अवधारणा अगाडी बढाईनेछ ।

७६. घरको वर्गिकरण प्रकिया अगाडी बढाईनेछ । भवन निर्माण संहिता, २०७२ मापदण्ड अनुसार भवन निर्माणको प्रकियालाई अनिवार्य गरिनेछ साथै भवन निर्माण सम्बन्धी By Laws (विनियमावली), अन्य कानूनहरु निर्माण गरिनेछ।

७७. सङ्घीय तथा प्रादेशिक सरकारसँग पूर्वाधार विकासको लागि समन्वय तथा सहकार्य गरिनेछ । रानी जमरा कुलरिया सिंचाई आयोजना सँग समन्वय गरि आवश्यक पूर्वाधार निर्माण गर्ने कार्य निरन्तरता दिईनेछ ।

७८. निर्माण व्यवसायीलाई गुणस्तरीय काम तथा समयमै सम्पन्न गरेको कामको आधारमा पुरस्कृत तथा दण्डित गरिनेछ।

७९. गाउँपालिकाभित्र विभिन्न स्थानमा रहेका मरुवा, मन्दिर, खेलमैदान, मसानघाट आदिको व्यवस्थापन गरिनेछ साथै धेरै जनसंख्या भएको क्षेत्रहरुमा शार्वजनिक शौचालय निर्माण गरिनेछ ।

८०. सडक चौडा गरि पक्की सडक निर्माण प्रकिया निरन्तरता दिईनेछ । यस वडा अन्तर्गत कर्णाली नदीबाट नदी जन्य पदार्थ उत्खनन तथा ढुवानी हुदा सडक बिग्री नजिकका बासिन्दाहरुलाई आवतजावत गर्न कठिनाई तथा अत्यधिक मात्रामा धुलो उड्ने र वातावरण प्रदुषण समेत हुने भएकोला, जानकी ३ र ६ को सिमाना नयाँ लायकपुर देखि जगतपुर जमराहान घर सम्म, जगतपुर मिलन चोक देखि वडा कार्यालय आउने तीन डुंडसम्म अधुरो सडक कालोपत्रेको लागि पहल गरिनेछ।

८१. आपाङ्गमैत्री पूर्वाधार (र्याम्प, लिफ्ट, आदि सहित) निर्माणमा जोड दिईनेछ । साथै पालिकास्तरीय खेल मैदान (रङ्गशाला) निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

## सुशासन, व्यवस्थापन, संस्थागत विकास तथा सूचना प्रविधि सम्बन्धी नीति

८२. गाउँपालिकाको विकास निर्माण, सेवा प्रवाह, सुरक्षा, अनुगमन र नियमनका कार्यहरुमा सहयोगार्थ नगर प्रहरीको व्यवस्था मिलाईनेछ ।

८३. प्रविधिमैत्री वडाको अवधारणा अगाडी बढाईनेछ। सूचना प्रभावकारी बनाउन सामुदायिक विद्यालयमा सूचना पाटीको व्यवस्थापन गरिनेछ। "**पूर्ण डिजिटल जानकी गाउँपालिका**" निर्माणार्थ कार्य अगाडी बढाईनेछ ।

८४. "**मुस्कान दिने सेवा**" को अवधारणालाई अनुसरण गर्दै जानकी गाउँपालिका मातहतका हरेक कार्यालयहरुबाट सेवाग्राहीले आवश्यक सेवा प्राप्त गरेपछि मुस्कुराउँदै आफ्नो गन्तव्य तर्फ लागून भन्ने कार्य वातावरण सुनिश्चित गरिनेछ । कर्मचारीहरुको कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा दण्डित गर्ने प्रणाली विकास गरिनेछ ।

८५. गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुको विद्यमान संगठन संरचनालाई पुनरावलोकन गरी उपयुक्त संगठन संरचना निर्माणका लागि O&M सर्भेको कार्य अगाडी बढाईनेछ ।

८६. गाउँपालिकाले संचालन गर्ने विभिन्न कार्यक्रमहरु बारे जनता तथा सम्बन्धित सरोकारवालाहरुलाई सुसूचीत गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

८७. गाउँ कार्यपालिकाका निर्णयहरु एवम् न्यायिक समितिका फैसलाहरु कार्यान्वयन, बजार अनुगमन, पालिका क्षेत्रभित्र शान्तिसुरक्षा कायम, राजश्व असूली र सचेतना अभिवृद्धि लगायतका कार्यक्रमहरु प्रभावकारी रुपमा अघि बढाईनेछ । गाउँपालिकामा संचालनमा रहेको गुनासो व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित बनाईनेछ।

८८. भ्रष्टाचारजन्य क्रियाकलापहरु प्रति शुन्य सहनशिलता नीति अवलम्बन गर्दै भ्रष्टाचारजन्य क्रियाकलाप न्यूनीकरणका लागि गाउँपालिकाका नीति तथा कानूनहरुको प्रचार प्रसार, कार्यविधि सरलिकरण, व्यवस्थित नागरिक सहायता कक्षको स्थापना, सूचनाको पारदर्शिता र जनप्रतिनिधि तथा कर्मचारीहरुको जवाफदेहिता अभिवृद्धि गरिनेछ ।

८९. "**नवप्रवर्तन प्रोत्साहन कार्यक्रम**" संचालन गरी गाउँपालिका क्षेत्रका युवा तथा विद्यार्थीहरुद्वारा संचालित नवप्रवर्तनका क्रियाकलापहरुलाई नतिजामुखी बनाउन आवश्यक सहयोग गरिनेछ ।

९०. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ। सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारी तथा जनप्रतिनिधिहरुलाई वडा कार्यालयबाट प्रवाह हुने सेवा संग सम्बन्धित ऐन नियम को बारेमा आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम संचालनको ब्यवस्था गरिनेछ । तालिम सम्बन्धी कार्यक्रम संचालन पश्चात कार्यक्रमको प्रभाव मूल्याङ्कन गरिनेछ ।

९१. नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएको गाउँपालिकाको एकल अधिकारका क्षेत्रभित्र पर्ने अधिकारको विषयहरुको कार्यान्वयनका लागि गाउँपालिकाले कानून तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

९२. गैर सरकारी संस्थाले संचालन गर्ने योजना तथा कार्यक्रमहरु एकद्वार प्रणाली मार्फत लागु गरिनेछ।

९३. नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने सूचनाहरु प्रत्येक गाउँका वडघर र चिराकीहरु मार्फत प्रवाह गर्ने व्यवस्था थप प्रभावकारी बनाईनेछ । प्रत्येक गाउँ टोल बस्तीका बरघर सशक्तिकरणका निमित्त बरघर सम्बन्धी ऐन कानूनको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

९४. सह-उत्पादकत्वको अवधारणा बमोजिम नागरिकलाई गाउँपालिकाका बढी भन्दा बढी कार्यहरुमा सक्रिय सहभागिता गराउन तथा पालिकाले प्रदान गर्ने सेवाहरु गाउँवासीलाई एकिकृत रुपमा प्रदान गर्न गाउँपालिका परिसरमा One

Stop Citizen Facilitation Center को स्थापना गरी संचालन गर्न पहल गरिनेछ । Drone Technology को व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।

९५. ज्याला मजदुरी गर्ने श्रमिकहरुको समयमै ज्याला भुक्तानी गर्न पहल गर्नुका साथै ज्याला मजदुरी गर्ने श्रमिकहरुको गाउँपालिकाको तर्फबाट बेनामे बिमा गर्ने व्यवस्था सम्बन्धी आवश्यक कार्य गरिनेछ।

## स्थानीय राजस्व परिचालन सम्बन्धी नीति

९६. कर संकलनको दायरालाई प्राथमिकतामा राखिनेछ। कर संकलन व्यवस्थित गर्न, व्यवसायिहरुलाई करको दायरामा ल्याउन समग्र रावश्र सुधार कार्ययोजना अद्यावधिक गरी कार्यान्वयन गरिनेछ । कर प्रणालीलाई पारदर्शि बनाउन Mobile Banking, E-Sewa, QR जस्ता सूचना प्रविधि एपद्वारा कर भुक्तानीको व्यवस्था गरिनेछ । कर प्रणालीलाई प्रभावकारी बनाउन वडामा रहेका सम्पुर्ण साना तथा ठुला व्यवसायको अभिलेखीकरण गरि करको दायरा फराकिलो बनाईनेछ।

## कला, साहित्य, संस्कृति र परम्परा प्रवर्द्धन सम्बन्धी नीति

९७. गाउँपालिका क्षेत्रभित्र प्रचलनमा रहेका आदिवासी जनजाति (थारु, मगर) लगायत अन्य जातजातिहरुको भाषा, धर्म, कला, संस्कृति, सम्पदा र परम्परालाई संरक्षण र प्रवर्द्धन मार्फत आर्थिक उपार्जनसँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ । समाजको आधुनिकीकरणसँग परसंस्कृति दुष्प्रभावको रुपमा मौलिक संस्कृति ह्रासको अवस्थाबाट मुक्त गरी सुसंस्कृत सभ्य समाजको निर्माण गर्न मौलिक शैली, संस्कृति र परम्परालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

९८. गाउँपालिका क्षेत्रभित्र रहेका मरुवा, मन्दिर, मस्जिद, चर्च, गुम्बा, शवदह स्थल/समाधी स्थल लगायतका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण र संवर्द्धन गर्दै सामाजिक, सांस्कृतिक र धार्मिक सहिष्णुतासहितको सुसंस्कृति समाज निर्माण गर्ने नीति अवलम्बन गरिनेछ । गाउँपालिका स्थापना दिवस, विभिन्न जातजातिको Cultural Food Festival, माघ मिलन, होरी, देउडा, पुत्ला जस्ता उत्सव तथा कार्यक्रमहरु संचालन गरिनेछ । स्थानीय कला, साहित्य जगेर्नाका लागि नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान लगायतका अन्य प्रतिष्ठान, निकायहरुसँग साझेदारी गरी कार्यक्रम गरिनेछ ।

९९. पहिचानका रुपमा थारु समुदायसँग सम्बन्धित कला, संस्कृति, भेषभुषा, परिकार आदिको संरक्षण, सम्वर्द्धन र विकासका लागि पहिचानमा आधारित होमस्टे, सांस्कृतिक नाचघर, सांस्कृतिक ग्राम तथा खाजाघर लगायतका कार्यक्रमहरु संचालन तथा प्रवर्द्धन गरिनेछ । प्रदेश सरकार र समुदायको सहकार्यमा पालिकाभित्र रहेका थारु, मगर लगायतका रैथाने खानाहरुको प्रवर्द्धनका लागि फुड फेस्टिबल आयोजना गरिनुका साथै बक्लौवा होमस्टेलाई प्रवर्द्धन गर्न व्यवस्थित बनाईनेछ ।

## न्यायिक समिति संचालन सम्बन्धी नीति

१००. न्यायिक समिति र अन्तर्गतका संरचनाहरको स्थापना गरी छरितो र प्रभावकारी मेलमिलाप तथा विवाद निरुपण प्रक्रिया अपनाउन अनलाइन मार्फत उजुरी लिने प्रणालीको प्रारम्भ गर्न पहल गरिनेछ । न्यायिक समितिको प्रभावकारी कार्य सम्पादनका लागि इजलास कक्षको स्थापना, उजुरी प्रशासकसमेतको व्यवस्था गरिनेछ । मेलमिलापकर्ता विवाद समाधानका दुतका रुपमा उपयोग गर्दै न्यायिक समितिका काम कार्यवाहीमा सहयोगीका रुपमा परिचालन गर्न क्षमता विकास कार्यक्रम संचालन गरिनेछ । साविकमा निगरानी समितिका सदस्यहरुको ज्ञान, सीप र क्षमतालाई वडास्तरीय मेलमिलाप कार्यमा उपयोग गरिनेछ ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी नीति

१०१. नेपाल सरकारले गरेको अन्तराष्ट्रिय प्रतिवद्धता अनुसार सन् २०२४ सम्ममा सबै प्रकारका व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षालाई शतप्रतिशत पुऱ्याउने लक्ष्य अनुसार सबै वडाहरुमा पञ्जीकरण सम्बन्धी अभियान संचालन गरिनेछ । सामाजिक सुरक्षा भत्ता EFT मार्फत बैंकिङ्ग प्रणालीबाट वितरण हुँदै आएकोमा यसको शतप्रतिशत प्रभावकारिताका लागि राष्ट्रिय नीति अनुरुप सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता र नविकरण राष्ट्रिय परिचयपत्रमा आधारित बायोमेट्रिक भेरिफिकेसन गर्न सामाजिक सुरक्षा भत्ता नविकरण शिविर संचालनको व्यवस्था मिलाईनेछ ।

प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट "**समृद्ध जानकी गाउँपालिका:सुखी जानकी गाउँवासी**" को गन्तब्यमा पुग्न हाम्रो सरकारबाट सम्पादन हुने प्रत्येक कार्यहरुको केन्द्र बिन्दु यस गाउँपालिकाका आम नागरिक हुनेछन् । यसका लागि सबैलाई समान अवसर, समान अधिकार, सुरक्षा र सम्मानको प्रत्याभूति गरिनेछ ।

अन्तमा, गाउँपालिकाको विकासमा साझेदारी र सहयोग गर्ने नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, गाउँसभा सदस्यज्यूहरु, विकास साझेदार संस्थाहरु, नागरिक समाज, राजनीतिक दलका विज्ञ मित्रहरु, निजी क्षेत्र, गैर सरकारी संस्था, संचारकर्मी लगायत सम्पूर्ण गाउँवासी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यहाँहरुको सहयोग र समन्वयात्मक भूमिका निरन्तर रुपमा प्राप्त हुनेछ भन्ने आशा र अपेक्षा गर्दछु । साथै यस नीति तथा कार्यक्रम बजेट, योजना निर्माणमा अहोरात्र खटिनु हुने सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरुलाई धन्यवाद दिदै मेरो सम्बोधन यहि समापन गर्दछु ।

हार्दिक धन्यवाद !
नमस्कार !

.................................
गणेश चौधरी
अध्यक्ष

ईति सम्वत् २०८१ साल असार ०५ गते रोज ०४ शुभम् .......................।